

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



बिरामीहरूको दैनिकीमा ध्यान दिऔं, उनीहरूसँग बोलेर, लेखेर वा हाउभाउको माध्यमबाट स्नेह गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ १४ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 May 28 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २६९


## बढी शुल्क नलिएको निजी अस्पतालहरूको दाबी

प्रस, वीरगंज, १३ जेठ/

वीरगंजका निजी अस्पतालका आएपछि आज सोही विषयलाई लिएर जिल्ला प्रशासन कार्यालय, पर्सामा बनाएर गलत प्रचार गरिएको बताएका थिए ।




सञ्चालकहरू र प्रमुख जिल्ला अधिकारी पीताम्बर अधिकारीबीच छलफल भएको छ ।

पछिल्लो चरणमा कोरोना सङ्क्रमण बढेपछि वीरगंजका निजी अस्पतालहरूले सङ्क्रमितका परिवारसँग बढी शुल्क असुल गरेको समाचार प्रकाशमा छलफल भएको हो । छलफलको क्रममा बढी शुल्क लिएको आरोप लागेका स्पर्श मल्टिस्पेशलिटी अस्पताल र प्रभु अस्पतालले सरकारले तोकेको दररेटभन्दा बढी शुल्क नलिएको प्रमाण पेश गरेका थिए । उनीहरूले बिलिङ गर्दा त्रुटि भएको र त्यसैलाई आधार

छलफलमा सहभागी निजी अस्पतालका सञ्चालकहरूले आफूहरूले तोकिएको दररेटमा बिरामीहरूको सेवा गर्दै आएको दाबी गरे । उनीहरूले भौतिक संरचना, उचित जनशक्ति, साधन स्रोत र सेवा सुविधाका आधारमा निजी अस्पतालको शुल्क सरकारले तोके अनुसार आफूहरूले लिएको बताए । आगामी दिनमा पनि आफूहरूले बिरामीहरूप्रति देखाउने सेवाभावमा व्यावसायिकताभन्दा सामाजिक दृष्टि राख्ने प्रतिबद्धता जाहेर गरेका थिए । आफूहरूले बिरामीहरूको सक्दो सेवा गरेर उचित शुल्क लिएको बताए ।

प्रजिअ घिमिरेले सरकारले तोकेको दररेटभन्दा बढी नलिन सुझाव दिए । उनले अहिलेको अवस्थामा सबैजनाको सहयोग र सहकार्य आवश्यक हुनाले सोही अनुरूप सेवा प्रवाह गर्न निजी अस्पतालका सञ्चालकहरूलाई आग्रह गरे । नियतवश गरिने गलतीलाई माफ नगर्ने उनले चेतावनी पनि दिए । बैठकमा नारायणी वयोधा, वीरगंज हेल्थकेयर, गण्डक अस्पताल, स्पर्श, प्रभु, तराई, एडभान्स, कृष्णा, सूर्यालगायत अस्पतालका सञ्चालक, प्रतिनिधिहरूको सहभागिता थियो ।

## स्नातक तहको परीक्षाको आवेदन फाराम खुला




तस्वीरः प्रतीक

प्रस, वीरगंज, १३ जेठ/

ठाकुरराम बहुमुखी क्याम्पस वीरगंजले स्नातक तह प्रथम वर्षको परीक्षाको लागि आवेदन फाराम खुला गरेको छ । कोरोना सङ्क्रमण बढेपछि स्थगित गरिएको आवेदन फाराम जेठ १२ देखि २० गतेसम्म बिहान ११ देखि दिउँसो ३ बजेसम्म फाराम भर्न व्यवस्था गरिएको सहायक क्याम्पस प्रमुख दिनेशप्रसाद साहले जानकारी गराए ।

## पर्सामा जनता आवास कार्यक्रम
## ४ सय घरको लागि ४ हजार आवेदन

नितेश कर्ण, वीरगंज, १३ जेठ/

पर्सा जिल्लामा जनता आवास कार्यक्रम अन्तर्गत ४ सय घर निर्माणको लागि ४ हजार मानिसको निवेदन दर्ता भएको कार्यक्रमका संयोजक प्रदेशसभा सदस्य रमेशप्रसाद कुर्मीले बताए ।

प्रदेश सरकार मातहत जनता आवास कार्यक्रम सञ्चालन भएपछि दोस्रो चरणमा ४ सयजना गरीब, अतिविपन्नहरूको घर निर्माण गर्ने सूचना जारी भएपछि जिल्लाभरिका ४ हजारजनाले आवेदन भरेको उनले बताए । आवेदनमा छानबीन गरी आजभोलिमा ४ सयजनाको नामावली सार्वजनिक गर्ने र तत्काल घर निर्माण कार्य शुरू गर्ने उनले जानकारी गराएका छन् ।

यसअघि, पहिलो चरणमा डेढ महीनाअगाडि २ सय घर जिल्लामा निर्माण भएको र ९० प्रतिशत काम सम्पन्न भएको उनले बताए । पर्सा जिल्लाका ८ वटा प्रदेश निर्वाचन क्षेत्रमा २५ वटा घरका दरले निर्माण कार्य



जनता आवास कार्यक्रम अन्तर्गत पहिलो चरणमा निर्माणाधीन भवन । तस्वीरः प्रतीक

भइरहेको उनले बताए । प्रतिघर साढे ३ लाख मूल्यमा उपभोक्ता समितिमार्फत निर्माण कार्य भइरहेको संयोजक कुर्मीले जानकारी गराए ।

जति ठाउँमा घर निर्माण भइरहेका छन्, सोही ठाउँका व्यक्तिको संलग्नतामा उपभोक्ता समिति बनाएर निर्माण कार्य भइरहेको उनले बताए । पहिलो चरणका २ सय घरमा टिन छाउन र प्लास्टर गर्न बाँकी छ । प्रतिघर दुईवटा कोठा, बरन्डा र शौचालय निर्माण भइरहेको उनले जानकारी गराए ।

## कुटपिट घटनाको छानबीन गर्न समिति गठन

प्रस, वीरगंज, १३ जेठ/

प्रदेश प्रहरी कार्यालय प्रदेश नं २ ले वीरगंजको घटना सम्बन्धमा प्रहरी उपरीक्षक कृष्ण प्रसाईंको संयोजकत्वमा तीन सदस्यीय छानबीन समिति गठन गरेको छ ।

प्रदेश प्रहरीका प्रवक्तासमेत रहेका प्रसाईंले आफ्नो संयोजकत्वमा तीन सदस्यीय छानबीन समिति गठन भएको विज्ञप्तिमार्फत जानकारी गराएका छन् । वीरगंज महानगरपालिका–८ पानीटङ्की चोकस्थित जेठ १२ गते बुधवार बिहान १० बजे प्याथो सर्जिकलका कर्मचारीलाई पर्साका प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्कीले लट्ठी, बूटले पसलभित्र कुटपिट गरेको घटना सार्वजनिक भएपछि सो सम्बन्धमा छानबीन समिति गठन भएको हो ।

बुधवार बिहान १० बजे सो क्षेत्रमा किरानापसल खुलेको र ती पसल बन्द गराउने क्रममा प्रहरी गतिविधिबारे सर्जिकलका कर्मचारीले मोबाइलबाट तस्वीर लिएको भनी कुटपिट गरेको प्रहरीको भनाइ छ । कर्मचारीले भने त्यस घटनाको कुनै तस्वीर नलिएको दाबी गरेका छन् । प्रहरीले निजको मोबाइलसमेत नियन्त्रणमा लिएको छ ।

नेपाल शल्य तथा रासायनिक सङ्घ, वीरगंजका अध्यक्ष सुशील खेतानले तीन दिनभित्र घटनाको तथ्य पत्ता लगाइ दोषीलाई कारबाई नगरे पसल बन्द गर्ने चेतावनी दिएका छन् ।

उनीहरूले प्रमुख जिल्ला अधिकारी पीताम्बर अधिकारीलाई घटनाबारे जानकारी गराएका हुन् । उनले अहिलेको सङ्क्रमणको बेला औषधि तथा सर्जिकलका कर्मचारीहरूलाई कामको क्रममा सवारीसाधनबाट जाँदा प्रहरीले परिचयपत्र हुँदा पनि हप्काउने, दुर्व्यवहार गर्ने जस्ता कार्य गर्दै आएको विज्ञप्तिमा उल्लेख छ ।

### सफाइकर्मी पनि कुटिए

बुधवार औषधि बिक्री गर्ने कर्मचारी कुटिएको घटना मत्थर नहुँदै बिहीवार वीरगंज महानगर–१६ नगवाचोकमा एकजना सफाइकर्मीलाई प्रहरीले निर्घात कुटपिट गरेको छ । सफाइकर्मी विनोद राउतलाई प्रहरीले कुटपिट गरेको र उनको हातमा गम्भीर चोट लागेको छ ।



घाइते विनोद राउत । तस्वीरः प्रतीक

प्रहरीले लट्ठीले कुटेर घाइते पारेको उनले बताए । आफूहरू काम गरिरहेको बेला गाडीमा प्रहरी आएर एक्कासि कुटपिट गरेको राउतले बताए । उनले आफूसँग भएको परिचयपत्रसमेत नहेरर प्रहरीले कुटपिट गर्नु गैरजिम्मेवारीपन भएको र यसो गर्ने प्रहरीमाथि कारबाई हुनुपर्ने उनले माग गरेका छन् । वीरगंजमा सफाइ कर्मचारीहरू यसअघि पनि कुटिएको उनले बताए ।

यसैगरी, प्रहरीले सफाइकर्मीलाई कुट्ने हो भने आफूहरू काममा नखट्ने उनले चेतावनी दिए । यसबारे प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले सफाइकर्मीलाई काम गर्न अवरोध नगर्न निर्देशन दिएको र सोको विपरीत भए सम्बन्धित प्रहरीलाई कारबाई गर्ने बताए ।

## नदी/खोला छेउमा नजान प्रशासनको अनुरोध

प्रस, रौतहट, १३ जेठ/

जिल्ला प्रशासन कार्यालय, रौतहटले यास समुद्री चक्रवातबाट जोगिनको लागि रौतहटवासीलाई सचेत गराएको छ ।

बिहीवारदेखि शनिवारसम्म जिल्लामा धेरै पानी पर्ने मौसम विभागले जानकारी गराएको र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट समेत सोसम्बन्धी सूचना प्राप्त भएकोले पश्चिम बङ्गाल खाडीमा विकसित भएको जलवायुको प्रवाह र शक्तिशाली चक्रवात 'यास' समुद्रबाट जमीनमा ठक्कर खाइसकेकोले सोको असर नेपालभित्र पनि प्रवेश गरिसकेको भन्दै सचेत रहन आग्रह गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी इन्द्रप्रसाद यादवले सूचना जारी गर्दै बाढी, डुबान क्षेत्रमा नजान, नदीखोलामा माछा नमार्न र अन्य कुनै कार्य नगर्न सुझाव दिएका छन् । यसैगरी, विपद्का कुनै घटना भए जिल्ला प्रशासन र प्रहरीमा सूचित गर्न आग्रह गरेका छन् ।

## थप ४० जनामा सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, १३ जेठ/

नारायणी अस्पतालमा बुधवार राति ४० जना सङ्क्रमित पुष्टि भएका छन् भने बिहीवार दिउँसो एकजना सङ्क्रमितको मृत्यु भएको छ ।

नारायणी अस्पतालका कोभिड संयोजक डा सरोजरोशन दासले १९२ जनाको स्वाब परीक्षण गर्दा बुधवार राति ४० जना सङ्क्रमित पुष्टि भएको बताए । उनले पर्साका २४, बाराका १०, सर्लाहीका ३, रौतहटका २ र काठमाडौंका एकजना सङ्क्रमित रहेको बताए । सङ्क्रमितहरूमा ११ जना महिला र २९ जना पुरुष छन् । सङ्क्रमितहरूको १० देखि ८० वर्षसम्म उमेर रहेको र उनीहरूको सिटी भ्याल्यू १४.८ देखि ३५.८ सम्म रहेको छ ।

यसैबीच, बिहीवार दिउँसो तराई अस्पतालमा ४८ वर्षीया महिला सङ्क्रमितको मृत्यु भएको छ । जिल्ला प्रशासन कार्यालय, पर्साका प्रशासकीय अधिकृत विनयकुमार श्रीवास्तवले वीरगंज–१३ निवासी ४८ वर्षीया महिलाको दिउँसो १२ बजे मृत्यु भएको पुष्टि गरेका छन् । सङ्क्रमित जेठ ४ गते सो अस्पतालमा भर्ना भएकी थिइन् ।

## रौतहटमा चोथौपटक निषेधाज्ञा थप

प्रस, रौतहट, १३ जेठ/

रौतहट जिल्लामा पनि निषेधाज्ञा अवधि थप गरिएको छ । चौथोपटक निषेधाज्ञा अवधि थप गर्दै जेठ १९ गते राति १२ बजेसम्म लम्ब्याइएको छ ।

जिल्ला प्रशासन कार्यालय, रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेवप्रसाद यादवले आज राति १२ बजेसम्मको लागि जारी रहेको निषेधाज्ञालाई थप गरी १९ गते राति १२ बजेसम्म पुर्‍याइएको बताए । उनले निषेधाज्ञा अवधिमा यसअघि तोकिएका मिति र समयमा तोकिएको व्यवसाय, सवारीसाधन, बजार स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी सञ्चालन गर्न र आदेशको बर्खिलाप भए कानूनबमोजिम कारबाई हुने बताए ।

## राजस्व दर बढ्ने हुँदा धमाधम गाडी छुटाउँदै

प्रस, परवानीपुर, १३ जेठ/

सरकारले ल्याउने आगामी आव २०७८/०७९ को बजेटमा सवारीसाधन आयातमा भन्सार राजस्व दरबन्दीमा वृद्धि हुने भएपछि व्यवसायीहरूले धमाधम गाडी छुटाउन थालेका छन् । राजस्व बढ्यो भने गाडीको जाँचपासमा करोडौं रुपैयाँको हर्जाना बेहोर्नुपर्छ भन्ने मान्यताका साथ व्यवसायीहरू वीरगंजस्थित दुईवटै भन्सार नाकामा होल्ड सवारीसाधनहरू छुटाउन सक्रिय भएका छन् ।

गत माघदेखि चैत मसान्तसम्म सयौं गाडी जाँचपास गरी व्यवसायीहरूले लगेकामा वैशाखदेखि कोरोना महामारीको कारण अहिले गाडी छुटाउने क्रममा सुस्तता भएको भन्सार अधिकारीहरूको भनाइ छ । वीरगंज भन्सारको आइसिपीमा कार, जीप, भ्यान, ट्रक, टयाक्टरलगायत करीब २५५ थान गाडी होल्ड छन् भने वीरगंजको श्रीसिया सुक्खा बन्दरगाहमा १४५ थान जीप, कार होल्ड रहेको भन्सार कार्यालय सञ्चालन गर्ने नेपाल इन्टरमोडेल यातायात विकास समितिले जनाएको छ ।

इन्टरमोडेलका शाखा अधिकृत तर्कराज जोशीका अनुसार वैशाख १६ गतेपछि विभिन्न जिल्लामा जारी निषेधाज्ञाका कारण गाडी छुटाउने क्रममा कमी आएको बताए । उनका अनुसार २६ मेमा आइसिपीबाट ५० वटा कार, १५ वटा जीप र ५ वटा टयाक्टर गरी ७० वटा गाडीको जाँचपास भएको छ भने २५ मेका दिन ५५ वटा कार, १७ वटा जीप र २ वटा टयाक्टर गरी ७४ वटा सवारीसाधन छुटेका थिए । त्यसैगरी, २४ मेमा १७ वटा जीप र २ वटा टयाक्टर गरी १९ वटा गाडी मात्र जाँचपास भएको थियो ।

यता, श्रीसिया सुक्खा बन्दरगाहका सूचना अधिकारी चूडामणि शर्मा कट्टेलले अहिले हप्तामा ४/५ वटा गाडीको मात्र

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

कसैको लागि कटु वचन भन्नु अन्याय हो, तर अश्रद्धेयलाई श्रद्धा गर्नु पनि अन्याय नै हो। –शरतचन्द


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: www.prateekdaily.com


# पालिका अभिभावक बनोस्

अस्पताल चहार्दा चहार्दै रौतहटको गुजरा नगरपालिकाकी एक किशोरीको ज्यान गयो । काठमाडौं बसेर मिर्गौलाको डायलोसिस गराउँदै आएकी उनी कोरोना महामारी र लकडाउनको कारण छाक टार्न र अस्पताल जानसमेत समस्या हुने भएकोले घर फर्किएकी थिइन् । रौतहटकै एक स्वास्थ्य संस्थामा उपचारको प्रयास गरिएको उनलाई डायलोसिस गर्नैपर्ने देखिएपछि वीरगंज पठाएको भनाइ छ । साँझपख नै वीरगंज ल्याइपुऱ्याइएकी किशोरीलाई विभिन्न तीनवटा अस्पताल चहार्दा चहार्दै रात पऱ्यो । आकस्मिक अवस्थाको बिरामी वीरगंज आइपुगेर पनि विभिन्न अस्पताल चहार्दा चहार्दै करीब ४ घण्टा बितेछ । अन्ततः एम्बुलेन्समा नै उनको प्राण गयो ।

यो नौलो तथा पहिलो घटना भने यो होइन । यसअघि पनि धेरैजना बिरामीको यसैगरी ज्यान गइसकेको छ । तर त्यस्ता घटनाहरूमा औपचारिकताबाहेक कुनै कारबाई भएन । यस कारण घटना पुनरावृत्ति भइरहेको छ । पछिल्लो घटना केही फरक प्रकृतिको छ । डायलोसिस सेवा रहेको वीरगंज हेल्थकेयर अस्पतालले बिरामी आफ्नो अस्पतालमा नआएको र आएको भए सेवा दिन कुनै समस्या नरहेको प्रस्ट पारेको छ । कतिपय एम्बुलेन्स चालकले कमिशनको लागि बदमाशी गरेर अन्यत्र अस्पतालमा पुऱ्याउने गरेको अस्पतालको भनाइ छ । तर किशोरीका अभिभावकले भने भर्नाका लागि करीब ४५ मिनेट सो अस्पताल परिसरमा बिरामीसहितको एम्बुलेन्स राखेर प्रयास गरेको बताएका छन् । त्यसैगरी, नारायणी अस्पतालले सामान्य शय्यामा राखेर उपचार गराउन खोज्दा बिरामीका आफन्तले आइसियू खोजेकाले अन्यत्र गएको भन्दै दोष आफन्ततर्फ थोपरेको छ । डायलोसिस सेवा नरहेको अस्पतालमा समेत बिरामी लिएर एम्बुलेन्स पुगेको देखिन्छ । रौतहटदेखि वीरगंजसम्म आउँदा कम्तीमा एक घण्टा समय व्यतित भयो । यस अवधिमा डायलोसिस सेवा कहाँ छ/छैन । कुन अस्पतालमा बिरामी पुऱ्याउने भन्नेबारे बिरामी पक्षबाट समन्वय सम्पर्क गर्न नसकेको स्पष्ट छ । जसको निम्ति अभिभावकत्व गरिदिने कोही देखिएन ।

नागरिक सबै अस्पताल तथा स्वास्थ्य सेवाबारे जानकार हुँदैनन् । आफू बसेको एम्बुलेन्स जुन अस्पतालमा पुगेर अडिन्छ, त्यही उत्रने सोझा नागरिक अझै धेरै छन् । चिकित्सकलाई भगवान् सम्झने उनीहरू अस्पतालमा पुगेपछि उपचार भइहाल्छ भन्ने सोचाइमा हुन्छन् । तर यहाँ बिरामीको उपचारमा मात्रै होइन, लाशमा पनि कमिशनको खेल भइरहेको हुन्छ । यस्ता कार्य तबसम्म हुन्छ, जबसम्म समाज र सरकारले यस्ता विकृतिहरूमा मौन स्वीकृति दिइरहन्छ । हिजोका दिनमा केन्द्रिकृत सत्ता नागरिकको झुपडीसम्म पुग्न सकेन भनेर आजको सङ्घीय प्रणाली र तीन तहको सरकार स्थापना गरिएको हो । आफ्नो पालिकाभित्रका नागरिकको कानूनसम्मत हक, अधिकार, सेवा, सुविधा प्राप्ति, उपभोग र संरक्षण स्थानीय सरकारको दायित्व हो । पालिकाभित्रका दीर्घरोगी एवं महामारीको अवस्थाबारे पालिकासँग यकीन तथ्याङ्क हुनुपर्छ र लकडाउन, कर्फ्यूलगायतका अवस्थामा उनीहरूको उपचारको समन्वयसमेत पालिकाले गर्नुपर्छ । किशोरी मृत्यु प्रकरणमा सम्बन्धित पालिकाले छानबीनको लागि सम्बन्धित निकायमा जाहेरी दिनुपर्ने हो । दोषीलाई कडा कारबाई गर्न हरेक पालिकाले जिम्मेवारीका साथ अभिभावकत्व निर्वाह गरे मात्रै यस किसिमको घटना न्यूनीकरण सम्भव छ ।

# सङ्घीयता नेपालको लागि आर्थिक बोझ

अर्थविशेष



विश्वराज अधिकारी

akoutilya@gmail.com

**सङ्घीयता केही नेताहरूलाई सत्तारोहण गराउने माध्यम बन्यो । नेपालको परिप्रेक्ष्यमा भन्ने हो भने सङ्घीयता जनतालाई होइन, नेताहरूका लागि लाभदायक भयो । सङ्घीयताबाट नेपाली जनताले कुनै पनि किसिमको आर्थिक फाइदा पाएको देखिएन ।**

नेपालमा ल्याइएको सङ्घीयताले यो मुलुकको आर्थिक विकासमा के कति योगदान पुऱ्यायो ? सङ्घीयताको कारणले नै नेपालको कुल गार्हस्थ्य उत्पादन कति प्रतिशतले उकालो लाग्यो ? सङ्घीयताको कारण नेपालीहरूको क्रयशक्ति कति प्रतिशतले वृद्धि भयो ? महँगी कति प्रतिशतले तल झऱ्यो ? निर्यात कति प्रतिशतले बढ्यो ? नेपालले सङ्घीयतामा प्रवेश गरेपछि देशमा रोजगार स्तर के कति प्रतिशतले माथि उक्ल्यो ? नेपाली युवा बाध्य भएर, परिवार, समाज, देश छाडेर परदेश जानुपर्ने स्थितिमा सुधार आयो कि आएन ? सङ्घीयताले नेपालको औद्योगिक एवं व्यापारिक विकासमा के कति योगदान पुऱ्यायो ? सङ्घीयता–सम्बन्धी यस्ता प्रश्न सोध्ने यो उपयुक्त बेला हो । नेपालले अहिले सङ्घीयताको अभ्यास गरिरहेको छ । यो कारणले पनि यी प्रश्न अति सान्दर्भिक हुन पुगेका छन् ।

सङ्घीयता आर्थिक विकासका लागि ल्याइएको हो भने यस किसिमका प्रश्नहरू हरेक नेपालीले सोध्न पाउनुपर्छ । सङ्घीयता ल्याउन जुनजुन राजनीतिक दल र ती दलका नेताहरूले सक्रिय भूमिका खेलेका थिए वा जसको दबाबमा नेपालमा सङ्घीयता भित्रिएको थियो उनीहरूसँग प्रत्येक नेपालीले यी प्रश्न सोध्न पाउने अधिकार राख्दछ र सोध्नु पनि पर्छ । हरेक नेपालीले आआफ्नो जनप्रतिनिधि (जसले सङ्घीयताको वकालत गरेको थियो) सँग यी प्रश्न सोध्नुपर्ने राष्ट्रिय जिम्मेवारी हुन आएको छ ।

आउनुहोस्, अब सङ्घीयताको अवधारणा कसले र किन ल्यायो ? के फाइदाका लागि ल्यायो त्यसबारे चर्चा गरौं ।

सङ्घीयता यथार्थमा तत्कालीन सङ्घर्षरत नेकपा माओवादीको माग थियो । उसको सङ्घीयताको माग आर्थिक होइन, राजनीतक फाइदाको लागि थियो । नेपाललाई जातजातिको आधारमा विभाजन गरेर, सबै विभाजित जात जातिको साझा शत्रु तत्कालीन सरकार वा राज्यलाई पारेर, आफू शक्तिशाली भई राज्यलाई कमजोर पारेर आफूले प्रारम्भ गरेको अति रक्तपातपूर्ण सङ्घर्षमा सफल हुने उद्देश्यका साथ माओवादीले सङ्घीयताको नारा त्यस समय घन्क्याएको थियो । गरीब जनतालाई, बेरोजगारी एवं निराश युवालाई, मुलुकमा सङ्घीयता आएमा गरीबी समाप्त हुने सपना देखाएको थियो । सङ्घीयताको नारा माओवादीका लागि त्यस बेला उसले गरेको सशस्त्र सङ्घर्षलाई बलियो पार्ने तथा राज्य पक्ष कमजोर भएर उससँग सम्झौता गर्न बाध्य पार्ने एउटा रणनीति मात्र थियो । त्योभन्दा बढी केही थिएन । तर सोझा नेपाली जनता र खासगरी पश्चिमी नेपालका सोझासाझा गरीब युवाले माओवादीको सङ्घीय–रणनीतमा विश्वास गरे । अडिग भएर पत्याए । र माओवादीको यो रणनीति सफल पार्न ज्यानको आहुति पनि दिए । माओवादीको यो रणनीति सफल पनि भयो । यस रणनीतिको प्रभाव एवं विस्तारबाट राज्य पक्ष कमजोर भएर माओवादीसँग सम्झौता गर्न बाध्य भयो । राज्य पक्षलाई कमजोर पारेर माओवादीका उच्च नेताहरू सत्तारोहण गर्न सफल भए । राजनीतिका चतुर खेलाडी पुष्पकमल दहाल 'प्रचण्ड' जङ्गलबाट निस्केर नेपालको प्रधानमन्त्री बन्न सफल भए । कुनै धार्मिक फिल्मको 'देवता' जस्तो नेपाली राजनीतिमा मायावी किसिमले 'प्रकट' भए । सङ्घीयता–रणनीति तत्कालीन माओवादीका लागि निकै लाभदायक भयो । प्रचण्डका लागि त ब्रह्मास्त्र नै साबित भयो । तर गरीब युवा, जसले भोलिका दिनमा गरीबीबाट मुक्ति पाइन्छ भन्दै त्यस सपना पछाडि लागेर, प्रचण्डको रणनीतिमा परेर, आफ्नो ज्यान दिएको थियो उसका सन्ततिले के पाए ? उक्त आन्दोलनामा लागेर जीवनको अमूल्य समय गुमाउने, अङ्गभङ्ग हुनेहरूले के पाए ?

माओवादी नेताहरू सङ्घीयताको अवधारणा नेपाली राजनीतिमा प्रविष्ट गराएर त्यसबाट प्रचुर राजनीतिक फाइदा लिन सफल भएको देखेपछि लोभिएर तथा स्वार्थवश अन्य दलका नेताहरूले पनि माओवादीको एजेन्डा–सङ्घीयता बोके । एमाले, नेका, मधेसीलगायत अन्य दलका नेताहरूले पनि सङ्घीयतामा आआफ्नो राजनीतिक, चुनावी फाइदा देख्न थाले । सङ्घीयताको नारा बोकेर आआफ्नो चुनाव क्षेत्रमा जाँदा सजिलै विजयी हुने सुखद अवसर देख्न थाले । सङ्घीयताको नाराले सर्वाधिक फाइदा भने मधेसका केही नेताहरू–उपेन्द्र यादव, महन्त ठाकुर, राजेन्द्र महतो आदिलाई पुऱ्यायो । उनीहरू मधेसी निर्णायक शक्तिको रूपमा उदाए । तर यी मधेसवादी नेताहरूले मधेसीहरूको हकहितका लागि लड्ने भने तापनि मधेसीहरूको हकहितको बेवास्ता गरे । केवल सत्तारोहणलाई आफ्नो मूल राजनीतिक एजेन्डा बनाए । मधेसको आर्थिक विकास यी नेताहरूको राजनीतिक एजेन्डा कहिले बन्न सकेन । राजविराज, जनकपुर, मलङ्गवा, गौर, वीरगंज नेपालगंजजस्ता शहरलाई औद्योगिक वा व्यापारिक केन्द्र बनाउनेतर्फ यी मधेसी मसिहाहरूको ध्यान गएन । उल्टो, सङ्घीयता एवं गणतन्त्रकाल प्रारम्भ भएपछि ठूलो सङ्ख्यामा मधेसी युवा रोजगारका लागि विदेशिन बाध्य भए । मधेसमा रोजगारको राम्रो अवसर भएको भए यी युवा के विदेश जाने थिए ? बाध्य भएर विदेश जाने रहर कसलाई हुन्छ ?

उहिले, पहाडको तुलनामा मधेस सम्पन्न थियो । रोजगार नपाएर मधेसका युवा भारत लाग्ने विवशता थिएन । पहाडका युवालाई रोजगारका लागि भारत लाग्ने बाध्यता थियो । यो कारणले पनि पहाडका धेरै युवा भारतमा गई सेनाको जागीर खान्थे ।

तराईलाई नेपालको अन्न भण्डार भन्ने गरिन्थ्यो । तराईबाट ठूलो परिमाणमा धान, चामल निर्यात हुन्थ्यो । वीरगंज चीनी कारखाना, जनकपुर चुरोट कारखाना, विराटनगर जुटमिल, वीरगंज कृषि औजार कारखानाजस्ता ठूला–ठूला उद्योग तराईमा स्थापना भएका थिए । तर पछिल्लो समयमा अति राजनीतिले गर्दा तराईको अर्थ व्यवस्था कमजोर भएर गाएको छ । तराईका युवा स्थानीय स्तरमा रोजगार नपाएर जीवन गुजाराका लागि विदेशिनुपर्ने बाध्यात्मक अवस्था सृजना भएको छ ।

मधेसी नेताहरूले यो स्थितिमा राजनीतिभन्दा मधेसको आर्थिक विकासमा जोड दिन आवश्यक छ ।

विश्वमा सङ्घीयताको अवधारणा आर्थिक विकासको लागि आएको हो । तर नेपालमा भने उल्टो भयो । नेपालमा सङ्घीयताको प्रयोग नेताहरूका लागि, राजनीतिक फाइदाका लागि भयो । सङ्घीयता केही नेताहरूलाई सत्तारोहण गराउने माध्यम बन्यो । नेपालको परिप्रेक्ष्यमा भन्ने हो भने सङ्घीयता जनतालाई होइन, नेताहरूका लागि लाभदायक भयो । सङ्घीयताबाट नेपाली जनताले कुनै पनि किसिमको आर्थिक फाइदा पाएको देखिएन ।

सङ्घीयता ज्यादै खर्चिलो प्रणाली हो । प्रान्तहरू धनी भए, देश धनी भए मात्र सङ्घीयताको आर्थिक बोझ उठाउन सक्छ । नेपालजस्तो गरीब देशले सङ्घीयताको बोझ उठाउन सजिलो छैन । जनताले भुक्तान गरेको करबाट प्रान्तीय एवं सङ्घीय सरकारका अनेक संयन्त्र (जनप्रतिनिधि एवं कर्मचारीहरूको तलब, सुविधा) हरूको खर्च बेहोर्नुपर्ने र बहुसङ्ख्यक नेपाली गरीब भएकोले सङ्घीयताको खर्च बेहोर्न नेपाललाई कठिन परिरहेको छ ।

प्रान्तीय पदाधिकारीहरूलाई तलब, सुविधा भुक्तान गर्नमा नै ठूलो रकम खर्च भइरहेको छ । यी पदाधिकारीहरूको सेवा, सुविधा (गाडी, भवन, सुरक्षा) मा ठूलो रकम खर्च भइहेको छ । यो खर्च बचत हुने सके बचत भएको रकमलाई प्रान्त वा प्रदेशको विकासमा खर्च गर्न सकिन्छ । अर्कोतिर प्रदेशका यी पदाधिकारीहरूले आआफ्नो प्रदेशको आर्थिक विकासमा कुनै पनि किसिमको उल्लेख्य भूमिका खेलेको देखिएको छैन । यिनीहरूले उद्योगीकरण वा व्यापारिक विकासको कुनै नौलो अवधारणा ल्याएको देखिएको छैन । उल्टो सत्ता समीकरणमा लिप्त भएको देखिएको छ ।

सङ्घीयतामा सङ्घ वा प्रान्तहरूले प्रान्तका विभिन्न क्षेत्रहरूमा हुने खर्चका लागि आफैंले आय सृजना गर्नुपर्छ र गर्छन् पनि । केही खास परिस्थितिमा मात्र सङ्घीय सरकारले प्रान्तीय सरकारलाई सामान्य खर्चका लागि बजेट दिने गरेको पाइन्छ । नेपालमा प्रान्तीय सरकारहरू गरीब भएकाले सङ्घीय सरकारले उनीहरूलाई केन्द्रबाट बजेट पठाउनुपर्ने स्थिति छ ।

यो जटिल परिस्थितिमा हामीले सोच्नुपर्ने बेला आएको छ, प्रश्न गर्ने बेला भएको छ । सङ्घीयता जनताको आर्थिक विकासको लागि हो कि नेताहरूलाई चुनावमा विजयी गराइदिनका लागि ? सङ्घीयता देशलाई धनी बनाउन अभ्यास गरिने हो कि गरीब बनाउन ?

निष्कर्षमा– हामीले आत्मा साक्षी राखी प्रश्न गर्नु परेको छ । त्यो प्रश्न हो– नेपालमा सङ्घीयता जनताले मागेर आएको हो कि नेताहरूले मागेर आएको हो ?

# जुट्दै सहयोग : सहज बन्दै उपचार

महोत्तरी, १३ जेठ/रासस

कोभिड–१९ महाव्याधिविरुद्ध अग्रपङ्क्तिमा रही सेवा दिने स्वास्थ्यकर्मीको सुरक्षा र सङ्क्रमित बिरामीको उपचार अब क्रमशः सहज बन्दै गएको छ । सुरक्षित रही काममा खट्नुपर्ने स्वास्थ्यकर्मी र बिरामीका उपचारका लागि स्वास्थ्य सामग्री जुट्दै गएपछि महोत्तरीमा अब स्थिति क्रमशः सहज बन्दै गएको हो ।

बुधवार वर्ल्डभिजन इन्टरनेशनल संस्थाले महोत्तरीको कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्रलाई रु २५ लाखका स्वास्थ्य सामग्री प्रदान गरेपछि प्रमुख जिल्ला अधिकारी तीर्थराज भट्टराईले अब उपचार सहज बन्दै जाने र विकराल अवस्था चाँडै नियन्त्रण हुने विश्वास व्यक्त गरे । "विभिन्न क्षेत्रबाट सहयोग जुट्दै छ"–जिल्लास्थित कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्रका संयोजकसमेत रहेका प्रजिअ भट्टराईले भने–"सङ्क्रमण र मृत्यु दर घट्दै छ, निको हुने बढ्दै छन्, सहयोगी हात थपिँदै छन्, अब केही सहज हुँदै जानेछ ।"

जिल्ला अस्पताल जलेश्वर, बर्दिवास अस्पताल र गौशाला नगरपालिकाको इमलीबजारस्थित स्वास्थ्यचौकीमा सञ्चालित आइसोलेशन कक्षमा अब अक्सिजन अभावमा उपचार प्रभावित हुने अवस्था नरहेको प्रजिअ भट्टराईले बताए ।

विभिन्न संस्था र व्यक्तिले खुला हृदयले अक्सिजन सिलिन्डर र अन्य स्वास्थ्य सामग्री सहयोग बढाउँदै लगेका छन् । सामाजिक क्षेत्रको सहयोगबाट चिकित्सक र स्वास्थ्यकर्मीमा पनि ऊर्जा प्राप्त भएर सेवामा लाग्न हौसला बढेको बर्दिवास अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा सुनीलकुमार दाहाल बताउँछन् ।

बुधवार जिल्ला प्रशासन कार्यालय, महोत्तरी परिसरमै पुगेर वर्ल्डभिजन इन्टरनेशनलका प्रतिनिधिले प्रजिअ भट्टराईलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेका थिए । प्राप्त सामग्रीमा ७० वटा अक्सिजन सिलिन्डर, ७० वटा पल्स अक्सिमिटर, ७० वटा थर्मल टेम्परेचर, ७० वटा पिपिई सेट, एउटा अक्सिजन कन्सन्ट्रेटर, १२ प्याकेट सर्जिकल मास्क, ७२ वटा एन–९५ मास्क, पाँच लिटर स्यानिटाइजर, १२ वटा सोप लिक्विड रहेका छन् । यी सामग्रीले बिरामीको सघन उपचारदेखि अग्रपङ्क्तिमा रही सेवा प्रवाह गर्नेहरूको सुरक्षामा सहयोग पुग्ने प्रजिअ भट्टराईको भनाइ छ ।

अक्सिजनको अभावमा उपयुक्त उपचार नपाएर बिरामी भौंतारिनुपर्ने अवस्था अब सामग्री जुट्दै गएपछि अन्त्य हुँदै गएको हो । वैशाख चौथो साता समयमा अक्सिजनसहितको उपचार नपाएर कैयौं बिरामीको मृत्यु भएको थियो । "उपचार दिंदादिँदै पनि कहिलेकाहीं बिरामीको अवस्था विभिन्न कारणले काबुबाहिर जाने रहेछ"–अहिलेको कोभिड–१९ सङ्क्रमण लहरमा अस्पतालमैं बसेर बिरामीको उपचार अवस्था अनुगमन गर्दै आएका जलेश्वर अस्पताल विकास समितिका अध्यक्ष सुरेश पाण्डे भन्छन्–"तर सामग्रीको अभाव हुन नदिई उपचारमा संलग्न हुन पाउँदा चिकित्सक र स्वास्थ्यकर्मीको आत्मबल बढ्दो रहेछ ।" विभिन्न क्षेत्रको सहयोगबाट अहिले सेवा दिन सक्ने अवस्थामा छैनौं भन्न नपरेको पाण्डे बताउँछन् । यद्यपि अस्पतालमा अझै भेन्टिलेटर अभाव छ ।

जिल्लामा अहिले केही दिनयता विभिन्न सङ्घ संस्थाले स्वस्फूर्त सहयोग बढाएका छन् । बर्दिवास अस्पताललाई पनि बुधवार नै नेपाल रेडक्रस सोसाइटी बर्दिवास उपशाखाले ४० थान सिलिन्डर अक्सिजन सहयोग गरेको थियो । त्यस अघि स्थानीय व्यापारी उमेश साहले पहिलोपटक ५० सिलिन्डर अक्सिजन दिएपछि अस्पतालले आइसोलेशन सञ्चालनमा ल्याएको थियो ।

जिल्लामा यसपालि नयाँ वर्ष २०७८ प्रारम्भ भएयता वैशाख दोस्रो सातासँगै

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा कोभिड–१९ को सङ्क्रमण दर घट्दै

नयाँ दिल्ली, १३ जेठ/एएनआई

कोरोना भाइरस महामारीको दोस्रो लहरका कारण सङ्कटमा परेको भारतमा पछिल्ला केही दिनदेखि सङ्क्रमण दरमा कमी आएको छ। भारतमा हाल कोभिड–१९ का २४ लाख १९ हजार ९०७ व्यक्ति सक्रिय सङ्क्रमित अवस्थामा छन्। विगत २४ घण्टामा ७५ हजार ६८४ व्यक्ति कोभिडबाट सङ्क्रमणमुक्त भएका केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीवार जनाएको छ। भारतमा गत मे १० मा सक्रिय सङ्क्रमितको सङ्ख्या उच्च बिन्दुमा पुगेको थियो।

तर दैनिक मृत्युदरमा सोचेजति कमी आएको छैन। मन्त्रालयले बिहीवार सार्वजनिक गरेको विवरणमा २४ घण्टाको अवधिमा ३ हजार ८४७ जनाको कोभिड–१९ सङ्क्रमणबाट मृत्यु भएको उल्लेख छ। योसहित भारतमा हालसम्म कोभिड–१९ को सङ्क्रमणबाट ३ लाख १५ हजार २३५ जनाको ज्यान गएको छ।

पछिल्लो २४ घण्टामा २ लाख ११ हजार २९८ जनामा थप व्यक्तिमा कोरोना सङ्क्रमण भएसँग देशभर हालसम्म कुल २ करोड ७३ लाख ६९ हजार व्यक्ति कोरोना सङ्क्रमित भएका छन्। साथै, भारतीय स्वास्थ्य अनुसन्धान परिषद्का अनुसार ३३ करोड ६९ लाख ६९ हजार भन्दा बढी नमूना परीक्षण गरिएको छ। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार हालसम्म भारतमा कुल २० करोड २६ लाखभन्दा बढी डोज खोप लगाइएको छ। रासस

### ओलम्पिकका प्रतिनिधिलाई खोप लगाइने

टोकियो/सिन्हवा

टोकियो ओलम्पिकमा सहभागी हुने जापानी प्रतिनिधिहरूलाई अर्को हप्तादेखि कोरोनाविरुद्ध खोप लगाइने भएको जापान सरकारले जानकारी दिएको छ। जापानको ओलम्पिक कमिटीले बिहीवार गरेको घोषणा अनुसार जापानको राजधानी टोकियोमा हुन गइरहेको ओलम्पिक खेलमा सहभागी हुनुपर्ने ती प्रतिनिधि एवं खेलाडीहरूलाई जून १ तारिखदेखि खोप लगाउन शुरू गरिने जानकारी दिएको छ।



नयाँ दिल्लीको कोभिड अस्पतालको आकस्मिक कक्षमा भर्ना भई अक्सिजन लिइरहेका व्यक्ति कोरोना सङ्क्रमित व्यक्तिको सम्पर्कमा आएको कुराबारे भ्कूट बोल्दछन्। फोटो : एजेन्सी

जापानको ओलम्पिक कमिटीले मङ्गलवारदेखि ती प्रतिनिधिहरूलाई खोप लगाइने भएको हो। ओलम्पिकमा जापानका एक हजार ६०० एथलेटिक्स खेलाडी, सरकारी अधिकारी र प्रशिक्षकहरू हुने बताइएको छ।

उनीहरूलाई मङ्गलवारदेखि टोकियोस्थित नेशनल ट्रेनिङ सेन्टरमा खोप दिइने बताइएको छ। ती प्रतिनिधिहरूलाई अमेरिकाको खोप निर्माता कम्पनी फाइजर आइएनसीले खोप दिने जनाएको छ।

जापान सरकारले यहाँका नागरिकलाई खोप लगाइरहेको छ। तर पनि जापानमा अहिलेसम्म जम्मा दुई प्रतिशत नागरिकलाई मात्र खोप दिइएको छ। जापानको राजधानी टोकियोमा जुलाई २३ देखि अगस्ट ८ तारिखसम्म ओलम्पिक खेल आयोजना हुनेछ।

### ग्लाक्सोको कोभिड खोप अन्तिम चरणको परीक्षणमा

पेरिस/एपी

सानोफी र ग्लाक्सोस्मिथक्लाइनले विकास गरेको कोभिड–१९ विरुद्ध खोपको तेस्रो तथा अन्तिम चरणको परीक्षण शुरू गर्न लागेको कम्पनीले जनाएको छ।

केही साताभित्रै गर्न लागिएको यस परीक्षणका लागि संयुक्त राज्य अमेरिका, एशिया, अफ्रिका र दक्षिण अमेरिकाका ३५ हजार वयस्क व्यक्तिलाई छनोट गरिएको छ।

कम्पनीका अनुसार यस अध्ययनमा खोपको प्रभावकारिता अध्ययन गरिने छ। साथै कोभिड–१९ का नयाँ स्वरूप (भेरियन्ट)मा यस खोपले काम गर्न सक्छ वा सक्दैन भन्ने पनि अध्ययन गरिनेछ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यलाभ | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – कडाश्रम |
| सिंह – ज्ञानोदय | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनक्षति |
| धनु – भाग्योदय | मकर – खर्चवृद्धि |
| कुम्भ – मनोरञ्जन | मीन – कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## व्यापार प्रतिनिधिबीच पाँच महीनापछि वार्ता

बेइजिङ, १३ जेठ/एपी

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडेनले प्रशासन सम्हालेयता अमेरिकी र चिनियाँ व्यापार प्रतिनिधिहरूबीच बिहीवार पहिलोपटक टेलिफोनमा कुराकानी भएको छ।

दुई देशबीच व्यापार अवरोध हटाउन निकै महत्त्वपूर्ण मानिएको यस टेलिफोन वार्तामा तत्काल खासै प्रगति नभए पनि वार्ता प्रक्रिया भने शुरू भएको छ। वार्तामा सहभागी दुवै पक्षले करका प्रावधानमा रहेका गतिरोध सुल्झाउनेतर्फ कहिले वार्ता प्रक्रिया शुरू हुन्छ भन्ने कुनै सङ्केत दिएका छैनन्।

अमेरिकी व्यापार प्रतिनिधि क्याथरिन टाईले व्यापार सम्बन्धबारे 'आन्तरिक समीक्षा' अझै जारी रहेको उनको कार्यालयले जनाएको छ। चीनको वाणिज्य मन्त्रालयले चिनियाँ व्यापार प्रतिनिधि एवं उपप्रधानमन्त्री लिउ हेले समान चासोका विविध विषय उठाएको बताइएको छ, तर विस्तृत विवरण भने दिइएको छैन। रासस


प्रदेश सरकार
प्रदेश नं २
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र, पर्सा, वीरगंज**

**सूची दर्ता गर्नेबारे सूचना**

*प्रथमपटक प्रकाशित सूचना मिति २०७८/०२/१४ गते*

यस कृषि ज्ञान केन्द्र, पर्सामा कृषि प्रयोगशाला सञ्चालनको लागि आवश्यक पर्ने सामग्रीहरू क्याटलग विधिबाट खरीद गर्नुपर्ने भएकोले सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरीद गर्ने कार्यविधि २०७४ बमोजिम खरीद प्रयोजनका लागि सूची तयार गर्नुपर्ने भएकोले तपसिलमा उल्लिखित प्रयोगशाला उपकरण सामग्रीहरू बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, स्थायी लेखा नं तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आव २०७६/०७७ सम्मको करचुक्ता गरेको प्रमाणित कागजात संलग्न राखी निवेदन यस केन्द्रको ईमेल agriscienceparsa@gmail.com मा मेल गरी सूचीकृत हुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी वा म्याद नाघी आएका दरखास्तलाई मान्यता दिइनेछैन। प्राप्त भएका दरखास्त उपर छानबीन गरी सूचीकृत गर्ने/नगर्ने अधिकार यस कृषि ज्ञान केन्द्रमा निहित रहनेछ। थप जानकारीको लागि मोबाइल नं ९८५५०३८७३० मा सम्पर्क राखी वा यस केन्द्रको FACEBOOK akc parsa मा Join भई विस्तृत जानकारी लिनसमेत जानकारी गराइन्छ।

| सि.नं. | उपकरणको नाम | सि.नं. | उपकरणको नाम |
|---|---|---|---|
| १ | Nitrogen Distillation Unit For Soil Lab - 1 PC | १० | Refrigetator |
| २ | Block Digester Unit for Soil and Fertilizer Lab | ११ | Laboratory Inclubator |
| ३ | Flame Photo Meter | १२ | Binacular Microscope |
| ४ | Digital Burette 0-50ml | १३ | Flash Shaker (Orbital Shaker) |
| ५ | Digital Balance 4 digit | १४ | Drying Oven |
| ६ | Digital Soil Lab mini-1pc (Whole set with accessories boxes) | १५ | Autoclave Veryicle |
| ७ | Benchtop PH/MV/Temperature meter | १६ | HOT Plate |
| ८ | Laminar Air Flow | १७ | Double Distillation Unit |
| ९ | Digital Soil Test Kit | १८ | UV Spectrophotometer 190nm-1100nm |


# महामारीमा विपन्नमुखी राहत

अर्थ-उद्योग-वाणिज्य




शीतल महतो
shitalmahato@gmail.com


**कोभिड महामारीमा स्थानीय सरकारले गरेका खर्च अपारदर्शी मात्रै छैनन्, आर्थिक अनुशासन र मितव्ययिताका सबै हद पार गरेको देखिएको छ। डोजर आतङ्क, जथाभावी भ्यु टावर निर्माणजस्ता अनुत्पादन भए–गरेका काम कारबाईको कुनै लेखाजोखा छैन।**

बढ्दो कोरोना भाइरस सङ्क्रमणका कारण सरकारले लगाएको निषेधाज्ञाले उत्पादन, रोजागारीलगायत आर्थिक क्रियाकलाप सङ्कुचित हुँदै गएको छ। आम्दानीमा आएको कमीले माग गर्ने क्षमता घट्दा उपभोग घटेकोले मानव पूँजी निर्माणमा प्रतिकूल असर परिरहेको छ। व्यापार र लगानी घट्दो क्रममा छ, जसले गर्दा आर्थिक वृद्धि र समृद्धिका लक्ष्य प्राप्त नहुने देखिन्छ। असमानताको खाडल फराकिलो बन्दै गएको छ र जोखिम–क्षेत्रहरूको विस्तार भएको छ। दैनिक कमाइ गरेर खानेहरूको चुल्हो निभेको छ। गरीब परिवारका बालबालिकाको शिक्षा र स्वास्थ्य उनीहरूको भविष्यलाई अन्धकार बनाउने गरी बिग्रँदै छ। विकास–निर्माणका काम ठप्पजस्तै भएकोले ज्याला–मजदूरीबाट गुजारा चलाउनेहरू चर्को मारमा परेका छन्। यसरी कोरोना सङ्क्रमणका कारण विश्वव्यापीरूपमा गरीबको सङ्ख्या र गरीबीको गहिराइ बढ्दै गएको छ र यस क्षेत्रमा दशकौं लगाएर प्राप्त उपलब्धि तहसनहस भएको छ।

नेपालजस्तो विकासोन्मुख देशका लागि त कोरोनाले गरीबी बढाउने गतिलो अवसर पाएको छ। अधिकांश जनसङ्ख्या मध्यम र तल्लो आयस्तरका रहेका नेपालमा कोरोनाको फैलावटभन्दा पहिले पनि गरीबी र विपन्नता थियो। सरकारी तथ्याङ्क अनुसार नेपालमा निरपेक्ष गरीबी १८.६ प्रतिशत र बहुआयामिक गरीबी २८.६ प्रतिशत रहेको अनुमान छ। त्यस्तै एक अर्को तथ्याङ्क अनुसार नेपालमा अनुमानित ६० लाख घरधुरी छ। करीब २५ प्रतिशत जनसङ्ख्या गरीबीको रेखामुनि छ। यी तथ्याङ्कलाई आधार मान्दा नेपालमा १५ लाख घरधुरी विपन्न भएको आकलन गर्न सकिन्छ। कोरोनाको कारण रोजगार गुमाई गरीब भएका यस्ता घरपरिवारलाई लक्षित गरी नगद हस्तान्तरणको देशव्यापी कार्यक्रम तर्जुमा गरी सरकारले तत्काल त्यसको कार्यान्वयन गर्न ढिला गर्नुहुँदैन। यस्तै समयमा जनतालाई सरकारको सहयोग चाहिन्छ। यही सहयोग राज्य–नागरिक सम्बन्धको वास्तविक आधार हो। अहिलेको विपद्बाट नेपालीलाई गरीबीमा पर्न नदिने र परिसकेकालाई त्राण दिन सरकार चाहिएको छ। अभाव चुलिंदा गरीबीको पीडा कष्टकर हुन्छ र यस्तो कष्ट महामारीको समयमा झन् निर्मम हुन्छ। त्यसैले विपद्को समयमा सरकारको मुख्य कार्य–भूमिका नागरिकलाई सहयोग गरी गरीबी घटाउनु हो। नागरिकमैत्री सरकारका लागि यो एउटा अवसर पनि हो। विपन्न प्रतिघर–धुरी ३० हजार रुपियाँका दरले राहत रकम वितरण गर्दा राज्यकोषको करीब ४५ अर्ब खर्च हुन्छ। यो रकम मध्यावधि समीक्षाद्वारा कायम भएको बजेटको करीब ३.४ प्रतिशत हो भने लक्षित राजस्वको ५ प्रतिशत।

हाम्रो देशमा राहत वितरण झन्झटिलो, अत्यधिक कागजमुखी बनाउने परम्परा छ। जसले गर्दा वास्तविक विपन्न घरपरिवार छुट्ने सम्भावना बढी हुन्छ। स्थानीय सरकारलाई जिम्मा दिएर सोझै प्रत्येक वडा तहबाट नागरिकतालाई मात्रै आधार नबनाई कोही नछुट्नेगरी राहत रकम वितरण गर्ने व्यवस्था मिलाउन सकिन्छ। यसरी वितरण गर्दा जनतालाई सङ्घीयताको फल पाएको अनुभूति पनि हुनेछ। हुनत विश्वका विभिन्न देशहरूले गरीब लक्षित सामाजिक संरक्षणका विभिन्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका छन्। विश्व बैंकको मे १५ को रिपोर्ट अनुसार कोरोनासँग लड्न मार्च २०, २०२० र मे १४, २०२१ बीच संसारका २२२ देशहरूले ३ हजार ३३३ वटा सामाजिक संरक्षणका कार्यक्रम तर्जुमा वा कार्यान्वयन गरेका छन्। १८६ देशले ७३४ वटा नगद दिने कार्यक्रम सञ्चालन गरेका छन्।

नेपालले कोरोनाको पहिलो लहरमा ल्याएका राहतका केही कार्यक्रम एकातिर अपर्याप्त थिए भने अर्कोतिर सीधै गरीबलाई लाभ पुर्‍याउनेभन्दा पनि उद्योगी–व्यवसायीलाई लाभान्वित गर्ने प्रकृतिका थिए। गरीबहरू नै बजारका ग्राहक र उत्पादन प्रक्रियामा श्रमिक हुने भएकाले उनीहरूमा गरिने लगानीले उद्योगी–व्यवसायीहरूलाई नै फाइदा पुग्छ। यही पृष्ठभूमिमा गरीबलाई प्रत्यक्ष फाइदा गर्ने सामाजिक संरक्षणको देशव्यापी कार्यक्रमको आवश्यकता देखिन्छ। यसका लागि सबैभन्दा पहिले वास्तविक गरीब र सम्भाव्य गरीबको यथार्थ लगत तयार गर्नुपर्छ। यस्तो लगत तयार गर्ने कार्यमा प्रत्येक वडा कार्यालयलाई परिचालन गर्नु जरूरी छ। वडा कार्यालयले वास्तविक गरीबहरू नछुट्ने र गैरगरीब समावेश नहुनेगरी राजनीतिक स्वार्थबाट माथि उठेर गरीब घरपरिवारको विस्तृत विवरणसहितको लगत तयार गर्नु आवश्यक हुन्छ। यस्तो लगतले सार्वजनिक कोषमाथि व्ययभार बढाउने भएकोले सम्बद्ध पालिका र समुदायबाट स्वीकृत गराउने काम विशेष सतर्कताका साथ गर्नुपर्छ। यस्तो तथ्याङ्क तयार भएपछि कस्तो विशेषता भएको गरीबलाई कस्तो प्रकारको सहयोग गरी गरीबीबाट पार लगाउन सकिन्छ भनेर विश्लेषण गरी उपयुक्त सहायता प्रदान गर्न सकिन्छ। वास्तवमा गरीबी सम्पन्नताको दिगोपन र राष्ट्रिय सुरक्षाको प्रत्याभूतिका लागि एउटा ठूलो चुनौती हो। गरीब र धनीबीचको असमानता कम गर्दै सामाजिक सद्भाव कायम गर्न पनि गरीबी निवारणमा लगानी गर्नुपर्ने तथ्यलाई आत्मसात् गर्नैपर्छ। यसै तथ्यलाई दृष्टिगत गरी अमेरिकाले विभिन्न अनुदानमार्फत अर्बौं डलर नगद हस्तान्तरण गरी आफ्ना नागरिकलाई गरीब हुनबाट जोगाएको छ। पाकिस्तानले पनि सन् २०२० मा कोरोना प्रभावित आफ्नो १ करोड ५० लाख घरपरिवारलाई रु १२ हजारका दरले नगद प्रदान गरेको थियो।

नेपालमा आर्थिक वर्ष २०७६–७७ मा १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाखको बजेट सार्वजनिक भएको थियो, तर मध्यावधि समीक्षाद्वारा यसको आकार १३ खर्ब ५ अर्ब ९६ करोड ३६ लाखमा झारिएको छ। यो केन्द्र, प्रदेश र स्थानीय सबै तहको बजेट हो। यो बजेटभित्र शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार, विज्ञान तथा प्रविधि, युवा तथा स्वरोजगार, प्रधानमन्त्री रोजगार कार्यक्रम र संसद् विकास कोषजस्ता कार्यक्रम समाविष्ट छन्। यो बजेटमा चालू खर्चका लागि ९ खर्ब ५७ अर्ब १० करोड १४ लाख (६२.४ प्रतिशत), पूँजीगतका लागि ४ खर्ब ८ अर्ब ५९ लाख (२६.६ प्रतिशत) र वित्तीय व्यवस्थापनका लागि १ खर्ब ६७ अर्ब ८५ करोड (११ प्रतिशत) बजेट विनियोजित छ। महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार, वैशाख अन्तिमसम्मको खर्च हेर्दा चालूमा करिब ६० प्रतिशत, पूँजीगतमा २८ प्रतिशत र वित्तीय व्यवस्थापनमा ४४ प्रतिशत मात्र खर्च भएको छ। सामान्य समयमा पनि विनियोजित बजेट शत प्रतिशत खर्च भएको तथ्याङ्क छैन। झन् यो महाव्याधि र बन्दाबन्दीको समयमा तोकिएको लक्ष्य अनुसार बजेट खर्च हुने सम्भावना छैन। यसरी बजेट खर्च नगरी सञ्चित कोषमा जम्मा गर्नुभन्दा राहतमा उपयोग गर्नु नै बेस हुने देखिन्छ। यो आर्थिक वर्षमा अहिलेसम्म पूँजीगततर्फको बजेट सबैभन्दा कम खर्च भएको छ। अब विकास–निमार्णको काम गर्ने समय एक महीना मात्रै बाँकी छ। बितेका वर्षहरूमा जस्तै गत वर्ष पनि तेस्रो चौमासिकमा सबैभन्दा बढी पूँजीगत खर्च भएको देखिन्छ। बन्दाबन्दी लम्बिंदै जाने र कोरोना महाव्याधिको असरले साना–ठूला सबै आयोजना प्रभावित भएका अवस्थामा पूँजीगत खर्च यो वर्ष झन् कम हुनेछ। अब विगतजस्तै 'असारे विकास' मार्फत गुणस्तरहीन विकास–निर्माणमा सरकारी ढुकुटी रित्याउन लाग्नुभन्दा नगद राहत वितरण गर्नु नै उत्तम विकल्प हुन आउँछ। यसले विकास–निर्माणको काम रोकिएको अवस्थामा दैनिक उपभोग्य वस्तुको खरीद–बिक्री तथा अन्य आर्थिक क्रियाकलापमार्फत अर्थतन्त्रलाई चलायमान राख्नेछ। त्यसैले विपन्न प्रतिघर–धुरी ३० हजार राहत वितरण गर्नाले सरकारी ढुकुटीमा सङ्कट आउने अवस्था देखिंदैन।

कोरोनाले रोग र भोकबाट मृत्युसम्मको जोखिम बोकेर आएको तथ्यलाई सजगतापूर्वक स्विकार्नुको विकल्प छैन। रोगबाट बचाउन युद्धस्तरमा परीक्षण र उपचार सेवामा सुधार गरी स्वास्थ्य प्रणालीलाई चुस्त बनाउनु जरूरी छ भने भोकबाट बचाउन यथार्थ लगतमा आधारित गरीब लक्षित नवीनतम कार्यक्रम तर्जुमा र कार्यान्वयनको आवश्यकता छ। महामारीको यो युद्धमा सफलता प्राप्त गर्न सबै तहका सरकारले कोरोना अवधिभरका लागि पहिचान भएका गरीबलाई नगद हस्तान्तरण र कोरोनाको अन्त्यपछि उद्यम, सीप र रोजगारका अवसर सुनिश्चित गर्नुका साथै गरीबलाई आहत दिने संरचनालाई राहत दिने गरी रूपान्तरण गर्नुपर्ने देखिन्छ। यस वर्षको र आसन्न बजेट यसै दिशामा लक्षित गरिएमा नागरिक र सरकारबीचको सम्बन्धले मूर्तरूप प्राप्त गर्ने र देशले गरीबी र विपन्नताबाट मुक्ति पाउन सक्ने देखिन्छ। यसबाट सरकारको समाजवादप्रतिको कटिबद्धता पनि व्यवहारमा देख्न पाइनेछ।

## तीन दिन उच्च सावधानी पालन गर्न अनुरोध

काठमाडौं, १३ जेठ/रासस

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुन शुरू हुनु अघि नै धेरै पानी परी बाढी र पहिरोको जोखिम हुने भएकोले अबको तीन दिन उच्च सतर्क रहन आम समुदायमा अनुरोध गरेको छ।

पश्चिम बङ्गालको खाडीमा विकसित भएको चक्रवात 'यास'का कारण आज जेठ १३ गतेदेखि १५ गतेसम्म देशका धेरैजसो भागमा पानी पर्ने सम्भावना रहेको उल्लेख गर्दै प्राधिकरणले नागरिकलाई विशेष ध्यान दिन र आवश्यक तयारीमा रहन सरोकारवाला निकायलाई अनुरोध गरेको छ।

अहिले उक्त चक्रवात समुद्रबाट जमीनतर्फ प्रवेश गरी उत्तर–पश्चिम सर्ने क्रममा रहेको प्राधिकरणले जनाएको छ। त्यसले केही दिन मौसममा असर पार्ने हुँदा सतर्क रहन अनुरोध गरिएको प्राधिकरणका प्रमुख अनिल पोखरेलले जानकारी दिए।

(बाँकी अन्तिम पातामा)

# महामारीबाट मानवलाई सुरक्षित बनाउन प्रयासरत छौं –प्रम ओली

काठमाडौं, १३ जेठ/रासस

प्रधानमन्त्री केपीशर्मा ओलीले महामारीबाट मानवलाई सुरक्षित बनाउन सरकार प्रयासरत भएको बताएका छन्। राष्ट्रिय मानव अधिकार आयोगको २२औं स्थापना दिवसका अवसरमा बिहीवार आयोजित भर्चुअल कार्यक्रममा उनले सरकारले नागरिकको जीवन बचाउनका लागि निरन्तर प्रयास गरिरहेको बताए।


प्रधानमन्त्री केपीशर्मा ओली ।

"महामारीलाई ध्यानमा राखेर मानिसको बाँच्न पाउने र स्वास्थ्य अधिकारको रक्षा कसरी गर्ने भन्ने विषयमा सरकार सजग छ," प्रधानमन्त्री ओलीले भने, "सरकार लागिरहेको छ, जनताको ज्यान सबैभन्दा महत्त्वपूर्ण हो।"

उनले नागरिककै जीवनरक्षाका लागि रु ३००/४०० पर्ने अक्सिजन सिलिन्डर चीनबाट एउटैलाई रु ५० हजार तिरेर ल्याइएको र खोप उत्पादन गर्ने देश नभए पनि भारतपछि नेपालले लगाउन पाएको जानकारी दिए।

प्रधानमन्त्री ओलीले कसैको पनि मानव अधिकार हनन हुन नपाओस् भनेर स्थापनाकालदेखि नै मानव अधिकार आयोगलाई स्वतन्त्र र स्वायत्त ढङ्गले काम गर्न दिनका लागि सरकार सदा सजग रहेको बताउँदै आयोगको ऐन संशोधनलाई प्राथमिकतामा राखिएको जानकारी दिए।

आयोगले सरकारलाई गरेको सिफारिशप्रति ध्यान दिइएको जनाउँदै उनले सरकारले आफ्ना प्रतिबद्धता कार्यान्वयन गर्दै आएको र दिगो विकासका लक्ष्यको घरेलुकरणका साथै कार्यान्वयनमा जोड दिएको स्पष्ट पारे।

प्रधानमन्त्री ओलीले हिंसा अन्त्य गरी मानव अधिकारमा सुधार गर्नका लागि सङ्ठित समूहबाट हुने मानव अधिकार उल्लङ्घनका घटना नियन्त्रणका लागि सरकारले ध्यान दिएको जनाउँदै सामाजिक न्याय र सम्मानपूर्वक बाँच्न पाउने सुरक्षा प्रत्याभूतिमा सरकारले काम गरिरहेको बताए।

सो अवसरमा आयोगका अध्यक्ष तपबहादुर मगरले मानव अधिकारको रक्षाका लागि आयोगले सरकारलाई गरेका सिफारिशको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका थिए।

# वीउवासङ्घद्वारा पत्रकार महासङ्घलाई सहयोग

प्रस, वीरगंज, १३ जेठ/

वीरगंज उद्योग वाणिज्य सङ्घले नेपाल पत्रकार महासङ्घ, पर्सालाई नगदसहित स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ।




सङ्घका अध्यक्ष सुबोध गुप्ताले शाखा अध्यक्ष अनुप तिवारीलाई रु ३१ हजारको चेक, सर्जिकल मास्क १ हजार थान, सय एमएलको सेनिटाइजर सय थान र एक सय तान फेसशिल्ड हस्तान्तरण गरेका थिए।

कोभिड सङ्क्रमणमा अग्रपङ्क्तिमा समाचार सङ्कलन गर्ने पत्रकारहरूलाई स्वास्थ्य सामग्री र सङ्क्रमित पत्रकार तथा आर्थिक समस्यामा परेका पत्रकारहरूलाई नगद सहयोग गरेको वीउवासङ्घले जनाएको छ।




# टयाङ्करबाट २१८ किलो गाँजा बरामद

प्रस, परवानीपुर, १३ जेठ/

बारा प्रहरीले ठूलो परिमाणमा गाँजा सूचना पाएपछि ग्यारेजमा मरम्मतको लागि पार्किङ गरिराखेको टयाङ्करबाट बरामद गरेको छ। प्रहरी चौकी पथलैयाको टोलीले पथलैयाको रामरहिम ग्यारेजमा पार्क गरिएको ना ४ ख २९७९ नम्बरको इन्धन ढुवानी गर्ने ट्याङ्करबाट गाँजा बरामद भएको बारा प्रहरीले जनाएको छ।


गाँजासहित पक्राउ परेका चालक, सहचालक। तस्वी सौजन्य: जिप्रका, पर्सा

काठमाडौंबाट भारत, बिहारको बरौनीको आइओसी डिपोमा पेट्रोल बोक्न जाँदै गरेको टयाङ्करमा गाँजा छ,भनी रातो प्लास्टिकको १९ वटा प्याकेट २ सय १८ किलो गाँजा बरामद भएको बारा प्रहरीका प्रवक्ता डिएसपी गौतम मिश्रले जानकारी गराए। उनका अनुसार प्रहरीले गाडी र चालक महोत्तरी, बर्दिवास नपा–८ का घनश्याम गिरी, सहचालक चितवन खैरहनी नपा–२ का राजकुमार दवाडीलाई नियन्त्रणमा लिएको जनाएको छ।

## तीन दिन........

जल तथा मौसम विज्ञान विभागका अनुसार जेठ १३ देखि १५ गतेसम्म प्रदेश १, २, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा भारी वर्षाको समेत सम्भावना छ। ती प्रदेशका तराईमा अति भारी वर्षा, चट्याङ पर्ने र उच्च वेगको हावाहुरी आउने सम्भावना रहेको जनाइएको छ। कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने एक दुई स्थानमा मेघ गर्जनसहित चट्याङ पर्ने र मध्यम वर्षाको सम्भावना छ। गण्डकी, वाग्मती र प्रदेश १ का हिमाली र उच्च पहाडी क्षेत्रमा केही स्थानमा हल्कादेखि मध्यम हिमपात र वर्षाको सम्भावना रहेको जनाइएको छ।

### प्राधिकरणद्वारा सावधान रहन सुझाव

प्राधिकरणले बस्ती नजीक बाढी पहिरो डुबानको जोखिम आकलन गरी सुरक्षाकर्मी एवं पालिकासँग समन्वय गरेर सुरक्षित स्थानमा बस्न र नदी, खोला किनार एवं पहिरो आसपास बसोवास गर्ने बासिन्दालाई सतर्क रहन अनुरोध गर्दै सतर्कताका सूचना सम्प्रेषण गर्न भनेको छ।

पहाडमा भूक्षय र पहिरो एवं तराईमा बाढी आउन सक्ने भएकोले हरेक जिल्लामा सुरक्षा निकाय, विपद् व्यवस्थापनमा संलग्न अधिकारी तथा गैरसरकारी निकाय र विषयगत क्षेत्रलाई तयारी अवस्थामा राख्न पनि प्राधिकरणले आग्रह गरेको छ।

सम्भावित वर्षा एवं बाढीबारे थाहा पाउन जल तथा मौसम विज्ञान विभागको टोल फ्रि नं ११५५ मा फोन गर्न र तत्काल खोज, उद्धार र राहतका लागि राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रको टोल फ्रि नं ११४९ मा सम्पर्क गर्न अनुरोध गरिएको छ।

## राजस्व बढ्ने........

जाँचपास भइरहेको बताए। वैशाखअघि दैनिक ५ वटाभन्दा बढी गाडीको जाँचपास हुन्थ्यो।

वीरगंज भन्सारका अधिकृत शैलेन्द्र अधिकारीका अनुसार कोरोना महामारीका कारण देशको बदलिंदो परिस्थितिका कारण वीरगंज भन्सारको आयात र राजस्व सङ्कलनमा ५० प्रतिशतले गिरावट आएको छ। उनले राजस्व सङ्कलनको मुख्य शीर्षक इन्धन आयात र सवारीसाधन भएको बताए। अहिले यी दुवै वस्तुको आयात भएको छैन।

वैशाख १६ गतेपछि त गाडीको जाँचपास कम भएको छ। पहिले एक दिनमैं ५० देखि ६० करोड रुपैयाँ राजस्व सङ्कलन हुने भन्सार कार्यालयमा अहिले मुस्किलले दैनिक रु १६ करोड राजस्व सङ्कलन भइरहेको छ।

चालू आवको लागि जारी गरिएको भन्सारको आर्थिक ऐन अनुसार विद्युतीय गाडीमा ४० प्रतिशत भन्सार महसूल र मूल्य अभिवृद्धि कर तथा सडक सम्भार दस्तुर गरी २० प्रतिशत गरी ६० प्रतिशत राजस्व लाग्छ भने पेट्रोल र डिजेल इन्जिनका सवारीसाधनमा सिसी अनुसार राजस्व लाग्ने गरेको भन्सार अधिकृत अधिकारीले बताए। उनले हाल सिसीको आधारमा ३० देखि ८० प्रतिशत भन्सार महसूल, २० देखि ६० प्रतिशतसम्म अन्त:शुल्क र १३ प्रतिशत मूअक र ८ प्रतिशत आरडिएफ (सडक सम्भार दस्तुर) गरी अधिकतम २३० प्रतिशत राजस्व लाग्ने गरेको बताए।

नेपालमा दुई वर्षदेखि कोरोना महामारी, उच्च भन्सार दर र सहज ऋण उपलब्ध नहुँदा विलासी गाडी तथा अन्य सवारीसाधनको आयातमा कमी आएको व्यवसायीहरूको भनाइ छ।

## जुट्दै सहयोग.....

सङ्क्रमण देखिन थालेको हो।

यसपालि वैशाख १४ गते सङ्क्रमणबाट पहिलोपटक बिरामीको ज्यान गएको थियो। यो क्रम वैशाख चौथो सातादेखि ह्वात्तै बढेर जेठ पहिलो सातासम्म कायम रह्यो। बुधवारसम्म जिल्लामा सङ्क्रमण पुष्टि भएर ज्यान जानेको सङ्ख्या ६३ पुगेको स्वास्थ्य कार्यालय, महोत्तरीले जनाएको छ। पछिल्लोपटक बुधवार एकजनाको मृत्यु भएको कार्यालयका कोभिड–१९ स्रोतव्यक्ति प्रतिभा सिंहले जानकारी दिइन्।

जिल्लामा यसपालि हालसम्म सङ्क्रमितको सङ्ख्या एक हजार ९९२ पुगेको छ। यीमध्ये एक हजार ६६४ मा सक्रिय सङ्क्रमण पाइएको सिंह बताउँछिन्। जिल्लामा यसपालि हालसम्म २६५ जना निको भएर घर फर्केका छन्। गत वर्ष वैशाखदेखि कात्तिकसम्म यो सङ्क्रमणले १८ जनाको ज्यान लिएको थियो भने दुई हजार १४१ सङ्क्रमित भएका थिए।

जिल्लामा हाल कोभिड–१९ नियन्त्रणका लागि जिल्लाभर निषेधाज्ञा जारी गरिएको छ। पहिलोपटक गत वैशाख २२ गतेदेखि लागू भएको निषेधाज्ञा यसबीच दुईपटक अवधि थपेर जेठ २० सम्मलाई बढाइएको छ।

# महासङ्घलाई स्वास्थ्य सामग्री उपलब्ध

प्रस, रौतहट १३ जेठ/

मिडिया काउन्सिल र आम सञ्चार प्राधिकरण प्रदेश नं २ ले आज नेपाल पत्रकार महासङ्घ रौतहट शाखालाई स्वास्थ्य सामग्री उपलब्ध गराएको छ। महासङ्घका सदस्य ५६ जना र थप १० जनागरी ६६ जनाको लागि स्वास्थ्य सामग्री उपलब्ध गराइएको हो। प्रतिसदस्य ५० थान सर्जिकल मास्क, केएन ९५ मास्क १० थान, सेनिटाइजर २ थान (१०० एमएल) पंजा एक थान, शाखा कार्यालयका लागि एक थान अक्सिमिटर र एक थान थर्मलगन उपलब्ध गराइएको नेपाल पत्रकार महासङ्घ रौतहट शाखाका अध्यक्ष प्रेम चन्द्र झाले बताए।




नेपाल पत्रकार महासङ्घ प्रदेश नं २ का सदस्य शैलेन्द्र झाले महासङ्घको पहलमा मिडिया काउन्सिल र आम सञ्चार प्राधिकरण प्रदेश नं २ ले प्रदेशका सबै जिल्लामा कार्यरत पत्रकारहरूका लागि स्वास्थ्य सामग्री उपलब्ध गराएकोमा धन्यवाद दिंदै मृतक पत्रकारका परिवारलाई राहत उपलब्ध गराउन जोड दिएका थिए। रौतहट एफएमका अध्यक्ष रेवन्त झाले रेडियो समस्याबारे प्रदेश सरकार मौन रहेको बताए। सो अवसरमा मिडिया काउन्सिलका अध्यक्ष शिवहरि भट्टराईले पत्रकारको कमी–कमजोरी हटाउँदै लैजाने बताए। आम सञ्चार प्राधिकरण प्रदेश नं २ का अध्यक्ष श्यामसुन्दर यादवले पत्रकारहरूको हितका लागि सदैव तत्पर रहने बताए। प्रदेश सरकारलाई पत्रकार हकहितका काम गर्न पैरवी गर्दै आएको बताउँदै आउँदो दिनमा पत्रिकालाई विज्ञापन उपलब्ध गराउने बताए।

शाखाका अध्यक्ष प्रेमचन्द्र झाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो। अध्यक्ष झाले रौतहट शाखाको समस्या तथा स्वास्थ्य सामग्री वितरण सम्बन्धमा प्रकाश पारेका थिए।

# नारायणीलाई भेन्टिलेटरसहित स्वास्थ्य सामग्री सहयोग

प्रस, परवानीपुर, १३ जेठ/

चर्चित अभिनेत्री मनीषा कोइरालाले वीरगंजस्थित नारायणी अस्पताललाई चार थान भेन्टिलेटर सेटसहित स्वास्थ्य सामग्री सहयोग गरेकी छन्। उनका तर्फबाट नेपाली काङ्ग्रेसका नेता रामनारायण कुर्मी तथा पत्रकार चन्द्रकिशोरको टोलीले अस्पताल विकास समितिका अध्यक्ष पुरेन्द्रकिशोर लाभ र निमित्त मेसु डा. उदयनारायण सिंहलाई प्रदान गरेको थियो। त्यसैगरी अन्य स्वास्थ्य सामग्रीमा १००–१०० थान फेससिल्ड र पिपिई तथा ३ थान फूल फेस मास्क प्रदान गरिएको थियो।



स्वास्थ्य सामग्री हस्तान्तरण गरिंदै। तस्वीर: प्रतीक

कोरोना महामारीको दोस्रो लहरमा वीरगंज तथा मध्यतराईका जिल्लाहरू बढी प्रभावित भएको भन्दै र नारायणी अस्पतालमा भेन्टिलेटरको अभाव रहेको जानकारी पाएपछि अभिनेत्री कोइरालाले सहयोग पठाएकी हुन्। अस्पताल विकास समितिका अध्यक्ष लाभले नारायणी अस्पतालको अभाव थाहा पाएर सहयोग गर्नेप्रति कृतज्ञता व्यक्त गरेका थिए। उनले यी सामाग्रीले कोरोना सङ्क्रमितको ज्यान बचाउन मदत मिल्ने आग्रह गरे। त्यसैगरी पत्रकार चन्द्रकिशोरले जनताको सरकारी अस्पताल भएकोले सेवा अझै प्रभावकारी हुनुपर्नेमा अस्पताल व्यवस्थापन पक्ष तथा चिकित्सकको ध्यानाकर्षण गराएका थिए।

**स्वास्थ्य नै ठूलो धन हो।**

कोभिड–१९ को सङ्क्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं,
सत्य, तथ्य खबर र यथार्थ सूचना प्रवाह गरौं।

- प्रत्येक नागरिकको सत्य, तथ्य सूचना जान्न/बुझ्न पाउने अधिकारको सम्मान गरौं।
- कोभिड–१९ को सङ्क्रमणबाट बच्न सरकारले गरिरहेको प्रयासको बारेमा सत्य, तथ्य र यथार्थमा आधारित सूचना प्रवाह गरौं।
- सचेतनाको माध्यम नै यस महामारीबाट बच्ने उत्तम उपाय भएकोले सत्य/तथ्य बुझेर मात्र सामाजिक सञ्जालमा रहेको सूचनाहरूको प्रयोग गरौं।
- सामाजिक सञ्जाल सूचना प्रवाह गर्ने उत्तम माध्यम भएकोले सही सूचना र जानकारी मात्र प्रवाह गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग